बलियो निर्यातसँगै चीनको व्यापार वृद्धि

बेइजिङ(रासस/एएफपी) : घरेलु माग कमजोर रहँदा पनि चीनले वर्षको सुरुआत उल्लेखनीय व्यापार वृद्धिसहित गरेको छ । आधिकारिक तथ्याङ्कअनुसार सन् २०२६ को पहिलो दुई महिनामा चीनको कुल व्यापार करिब २० प्रतिशतले बढेको देखिएको छ । यद्यपि अमेरिकातर्फको निर्यात घटे पनि अन्य प्रमुख बजारमा भएको वृद्धिले त्यसको भरपाइ गरेको छ । मङ्गलबार सार्वजनिक गरिएको भन्सारको सामान्य प्रशासनको तथ्याङ्कले जनवरी-फेब्रुअरी अवधिमा चीनको निर्यात २१.८ प्रतिशतले बढेको देखाएको छ । यो वृद्धि अर्थशास्त्रीहरूले गरेको ७.२ प्रतिशतको पूर्वानुमानभन्दा निकै माथि हो ।

घरेलु उपभोक्ता गतिविधि सुस्त हुँदै गएको अवस्थामा निर्यातमा आएको यो वृद्धि विश्वको दोस्रो ठूलो अर्थतन्त्रका लागि महत्त्वपूर्ण सहारा बनेको छ । यसले गत वर्ष हासिल गरिएको चीनको रेकर्ड व्यापार अधिशेषलाई थप विस्तार गरेको छ । पहिलो दुई महिनाको व्यापार तथ्याङ्क सामान्यतया चन्द्र नयाँ वर्षको बिदाका कारण हुने उतारचढावलाई समेटेर संयुक्त रूपमा सार्वजनिक गरिन्छ । यस पटकको तथ्याङ्कले मध्यपूर्वमा युद्ध सुरु हुनुअघि नै चीनको अर्थतन्त्रले सन् २०२६ को सुरुआत बलियो ढङ्गले गरेको सङ्केत दिएको छ ।

क्यापिटल इकोनोमिक्सका अर्थशास्त्री जिचुन हुआङका अनुसार हालै अमेरिकी भन्सार शुल्कमा आएको कमी र सेमिकन्डक्टरप्रतिको उच्च मागका कारण चीनको निर्यात अझै केही समय बलियो रहन सक्ने सम्भावना छ । यद्यपि चीनको बढ्दो व्यापार अधिशेषलाई लिएर उसका प्रमुख व्यापारिक साझेदारहरूले चिन्ता व्यक्त गर्दै आएका छन् । चिनियाँ उत्पादनले स्थानीय उद्योगहरूमा प्रतिस्पर्धात्मक दबाब बढाइरहेकाले उनीहरूले बेइजिङलाई आफ्नो व्यापार असन्तुलन घटाउन दबाब दिइरहेका छन् । भन्सार तथ्याङ्कले दुई महिनाको अवधिमा चीनबाट अटोमोबाइल, कपडा तथा घरेलु उपकरणजस्ता उत्पादनहरूको निर्यात उल्लेखनीय रूपमा बढेको देखाएको छ ।

यो तथ्याङ्क चीनका शीर्ष नेताहरू वार्षिक राजनीतिक बैठक 'दुई सत्र' मा सहभागी भइरहेका समयमा सार्वजनिक भएको हो । गत हप्ता सरकारले दशकौँयताकै सबैभन्दा न्यून आर्थिक वृद्धिदर लक्ष्य घोषणा गरेको थियो । चीनको अर्थतन्त्रका प्रमुख चुनौतीहरूमध्ये घरेलु खर्चमा लामो समयदेखि देखिएको मन्दी पनि एक हो । महामारी समाप्त भएपछि पनि उपभोक्ता खर्च अपेक्षाअनुसार पुनः उकासिन सकेको छैन । तर आयाततर्फ भने केही सुधार देखिएको छ । पछिल्लो तथ्याङ्कअनुसार जनवरी-फेब्रुअरीमा चीनको आयात १९.८ प्रतिशतले बढेको छ । यो ब्लुमबर्ग सर्वेक्षणले अनुमान गरेको सात प्रतिशतभन्दा निकै माथि हो ।यससँगै गत महिना उपभोक्ता मूल्य तीन वर्षयताकै तीव्र गतिमा बढेको तथ्याङ्क पनि सार्वजनिक भएको थियो ।

अर्कोतर्फ अमेरिकातर्फको चिनियाँ निर्यात भने ११ प्रतिशतले घटेको छ । अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले आफ्नो कर अभियानलाई तीव्र बनाएपछि यस्तो गिरावट देखिएको हो । गत वर्ष बेइजिङ र वासिङ्टनबीच व्यापार युद्ध चर्किएको थियो, जसका क्रममा केही सामानमा तीन अङ्कसम्मका पारस्परिक करहरू लगाइएका थिए । यद्यपि यसै महिनाको अन्त्यतिर ट्रम्प चीन भ्रमणमा जाने तयारीमा रहेका कारण दुई देशबीचको तनाव केही कम हुने आशा गरिएको छ । तथ्याङ्कअनुसार जनवरी-फेब्रुअरी अवधिमा अमेरिकातर्फ चीनको निर्यात ६७ अर्ब २४ करोड डलर पुगेको छ । यो अघिल्लो वर्षको सोही अवधिमा यो ७५ अर्ब ५६ करोड डलर थियो । त्यसै अवधिमा युरोपेली सङ्घ (इयु) तर्फ निर्यात २७.८ प्रतिशतले बढेको छ भने आसियान राष्ट्रहरूतर्फ २९.२ प्रतिशतले वृद्धि भएको छ ।

मध्यपूर्वको विकसित परिस्थितिले चीनको ऊर्जा आयातमा पनि प्रभाव पार्ने सङ्केत देखिएको छ । अर्थशास्त्री हुआङका अनुसार त्यहाँको द्वन्द्वले चीनको तेल आयात खर्च बढाउने सम्भावना छ, यद्यपि आयातको परिमाणमा ठूलो असर नपर्न सक्छ । अमेरिका र इजरायलले इरानविरुद्ध सञ्चालन गरेको युद्धका कारण तेलको मूल्य सन् २०२२ मा रुसले युक्रेनमाथि आक्रमण गरेपछि देखिएको उच्चतम स्तरमा पुगेको छ । यसले विश्व अर्थतन्त्रप्रति चिन्ता बढाएको छ । यस द्वन्द्वका कारण विश्वको करिब पाँचौं भाग तेल ओसार्ने महत्त्वपूर्ण समुद्री मार्ग होर्मुज जलडमरू लगभग बन्द भएको अवस्था सिर्जना भएको छ । यहीं तनावबीच विश्वकै सबैभन्दा ठूलो कच्चा पदार्थ आयातकर्ता चीनले जनवरी-फेब्रुअरी अवधिमा तेल आयात १६ प्रतिशतले बढाएको भन्सार तथ्याङ्कले देखाएको छ । पिनपोइन्ट एसेट म्यानेजमेन्टका अध्यक्ष तथा प्रमुख अर्थशास्त्री झिवेइ झाङका अनुसार निर्यातमा देखिएको बलियो वृद्धि चीनको बढ्दो व्यापार असन्तुलनप्रति चिन्तित व्यापारिक साझेदार हरूको तर्कलाई अझ बलियो बनाउनेछ ।

चीनका वाणिज्यमन्त्री वाङ वेन्टाओले पनि बेइजिङमा जारी 'दुई सत्र' राजनीतिक बैठकको सन्दर्भमा शुक्रबार आयोजित पत्रकार सम्मेलनमा देशको व्यापार सन्तुलित हुन आवश्यक रहेको स्वीकार गरेका थिए । उनका अनुसार निर्यात र आयात गाडीका दुई पाङ्गाजस्तै हुन् । "यदि यी दुई सन्तुलित भए भने मात्र गाडी सहज रूपमा अगाडि बढ्न सक्छ", उनले भने । विश्लेषक झाङले बलियो निर्यात प्रदर्शन र सरकारले निर्धारण गरेको तुलनात्मक रूपमा कम आर्थिक वृद्धिदर लक्ष्यलाई हेर्दा चीनले निकट भविष्यमा ठूलो आर्थिक प्रोत्साहन कार्यक्रम ल्याउने सम्भावना कम रहेको सङ्केत दिएको बताएका छन् ।

नेप्से परिसूचक ३२ अङ्कले घटचो, साढे २१ अर्बको कारोबार

काठमाडौँ(जस)-नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचक ३२ दशमलव ०८ अङ्कले घटेर दुई हजार ८४३ दशमलव ३५ को बिन्दुमा कायम भएको छ । यो एक दशमलव ११ प्रतिशतको गिरावट हो । मंगलबार ३२९ कम्पनीको पाँच करोड २७ लाख ११ हजार ३५३ कित्ता शेयर दुई करोड पाँच लाख ६११ पटक खरिद-बिक्री हुँदा रु २१ अर्ब ५० करोड २० लाख ३१ हजार ३२० बराबरको कारोबार भएको नेप्सेले जनाएको छ ।

मंगलबारको कारोबारमा जीवन बिमा शून्य दशमलव ५१, म्युचुअल फन्ड एक दशमलव ३४ र निर्जीवन बिमा शून्य दशमलव ४७ प्रतिशतले बढेको छ भने अरू सबै समूहको उपसूचक घटेको छ । बैङ्किङ एक दशमलव २७, विकास बैङ्क एक दशमलव १६, वित्त दुई दशमलव ०६, होटल तथा पर्यटन एक दशमलव ८५, जलविद्युत् एक दशमलव ४५ र लगानी समूह एक दशमलव ४८ प्रतिशतले घटेको छ । उत्पादन तथा प्रशोधन एक दशमलव ८२, लघुवित्त शून्य दशमलव १७, व्यापार दुई दशमलव १२ र अन्य समूह एक दशमलव ४० प्रतिशतले घटेको छ ।

रिलायन्स स्पिनिङ मिल्स लिमिटेडको शेयर मूल्यमा मंगलबार सकारात्मक सर्किट लागेको छ । सबैभन्दा धेरै गुमाउनेमा भने हिमस्टार ऊर्जा कम्पनी लिमिटेडको शेयर मूल्य छ दशमलव ३६ प्रतिशतले घटेको छ । कारोबार रकम र कारोबार भएका शेयर सङ्ख्याका आधारमा मंगलबार सबैभन्दा धेरै डाडी ग्रुप पावर लिमिटेडको रु एक अर्ब नौ करोड ७३ लाख ५५ हजार १५७ बराबरको २४ लाख नौ हजार ९८९ कित्ता शेयर कारोबार भएको छ ।

पोखरामा छ टन बढी मकैको बीउ अनुदानमा

गण्डकी(जस)-पोखरा महानगरपालिकाले महानगरभित्रका किसानलाई छ टन बढी मकैको बीउ अनुदानमा वितरण गरेको छ । महानगरभित्र मकैखेतीप्रति किसानलाई आकर्षित गर्ने उद्देश्यले ५० प्रतिशत अनुदानमा मकैको बीउ वितरण गरिएको महानगरपालिकाका कृषि विकास शाखा प्रमुख मनहर कडरियाले जानकारी दिए । उनका अनुसार किसानलाई 'रामपुर कम्पोजिट' जातको बीउ एक हजार १०० किलो, अरुण-२ जातको बीउ तीन हजार १०० किलो र मनकामना-३ जातको बीउ दुई हजार १० किलो वितरण गरिएको छ । प्रतिकिलो रु ११० पर्ने मकैको बीउ ५० प्रतिशत अनुदानमा वितरण गरिएको हो । अनुदानमा बीउ वितरणका लागि महानगरपालिकाले सार्वजनिक सूचना जारी गरेकामा निवेदन दिएका ५०० भन्दा बढी किसानलाई बीउ उपलब्ध गराइएको उनले जानकारी दिनुभयो । महानगर क्षेत्रमा करिब छ हजार हेक्टरमा मकैखेती हुने गरेको उनले बताए ।

समयमा पानी पर्दा उदयपुरमा कोदो उत्पादनमा वृद्धि

गाईघाट(जस)-उदयपुरमा गत वर्षको तुलनामा यस वर्ष कोदो उत्पादनमा वृद्धि भएको छ । जिल्ला कृषि ज्ञान केन्द्र उदयपुरकाअनुसार यस वर्ष जिल्लामा कुल पाँच हजार ४५५ मेट्रिकटन कोदो उत्पादन भएको छ । गत वर्ष चार हजार ६८० मेट्रिकटन कोदो उत्पादन भएको थियो ।

गत वर्षको तुलनामा यस वर्ष जिल्लाको पहाडी क्षेत्रमा वर्षा राम्रो हुँदा कोदो उत्पादन वृद्धि भएको कृषि ज्ञान केन्द्र उदयपुरका सूचना अधिकारी अनु बिसीले जानकारी दिए । जिल्लाको पहाडी क्षेत्रमा पर्ने ताप्ली, उदयपुर गढी, रौतामाई र लिम्चुङबुङ गाउँपालिकासहित त्रियुगा नगरपालिकाका पहाडी क्षेत्र, बेलका, चौदण्डी गढी तथा कटारी नगरपालिकाका पहाडी क्षेत्रमा कोदो खेती हुँदै आएको छ ।

त्रियुगा नगरपालिका-१६ सुकौराका डम्बरबहादुर राईकाअनुसार गाउँमा धेरै जग्गा पाखोबारी रहेको र बाध्य भएर पनि कोदो खेती गर्नुपर्ने भएकाले उत्पादन राम्रो भएको हो । उनले युवा विदेश पलायन भइरहेपनि गाउँका बुढापाकले कोदो खेतीमा निरन्तरता दिइरहेको बताए ।

कालिका नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

रेडक्रसग्राम, चितवन

वोलपत्र स्वीकृत गर्ने आशयको सूचना

(सूचना प्रकाशन मिति: २०८२-११-२७)

यस कालिका नगरपालिकावाट तपसिलमा उल्लेखित मितिमा प्रकाशित बोलपत्र आब्वान सूचनाको म्याद भित्र पर्न आएका बोलपत्रहरुको मूल्यांकन हुँदा न्यूनतम मूल्यांकित सारभूत रुपमा प्रभावग्राही तपसिल अनुसारको बोलपत्र स्वीकृतिका लागि पेश भएकोले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा (२) र (३) प्रयोजनका लागि बोलपत्र स्वीकृत गर्ने आशयको ७ (सात) दिने सूचना प्रकाशित गरिएको छ ।

S. N.	Bid IFB No.	Name of Projects	Date of Notice Publication	Quoted Amount with VAT (NRs.)	Name of Lowest Evaluated Substantially Responsive Bidder	Remarks
1.	18/Works/NCB/ KM/2082/083	Kalika Mandir Compound Wall Nirman-8	2082-10-20 (3rd February, 2026)	30,20,003.93	Artic Engineering Consultancy And Construction PVT. Ltd, Jeetpur Simara Sub Metropolitian City 14, Bara	

प्रमुख प्रशासकीय अधिकृत

Kalika Municipality

Office of Municipal Executive

Redcrossgram, Chitwan

Bagmati Province

INVITATION FOR SEALED QUOTATION BIDS

Contract Identification No: 04/Goods/SQ/KM/082/083

First date of publication: - 2082/11/27 (11th March, 2026)

1. Kalika Municipality Office of Municipal Executive Redcrossgram, Chitwan invites electronic sealed quotation bids from eligible bidders for Supply of following Goods in the table below.

S.N.	Contract No.	Description of Work	Bid Validity/Bid Bond Validity Period	Bid Security Amount (NRs.)	Price of Bid Document (NRs.)
1	04/Goods/SQ/KM/082/083	Supply and Delivery of Veterinary Medicine and Supplement	**75 days from the day of bid opening (upto 2083-02-26 B.S/ 9th June, 2026 A.D)**	35,000/-	1,000.00

Account details for purchasing bidding document and bid security deposit

Name of the Bank: Global IME Bank Ltd., Kholesimal Branch, Chitwan.

Name of Office: Kalika Municipality, Office of Municipal Executive, Chitwan.

Office Account no.:11304010000013 (For Purchase Bidding Document), A/C Name: Rajaswa (Revene) Account, राजस्व शिर्षक नं: १४२१९

Office Account no.:11304010000004 (For Bid Security deposit), A/C Name: Ga 3 Dharauti Khata

Last Date of Bids Submission Date: Before 12 PM on 2082-12- 12 (26th March, 2026)

Bids Opening Date: At 13:00 PM on 2082-12- 12 (26th March, 2026)

Location: Kalika Municipality Office of Municipal Executive, Redcrossgram, Chitwan.

2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents atthe Kalika Municipality Office of Municipal Executive Redcrossgram, Chitwan during office hours or may visit PPMO's e-GP system**www.bolpatra.gov.np/egp**.

Chief Administrative Officer